# सार्वजनिक निकायको दायित्व

- सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने
- सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने
- आफ्नो काम कारबाही खुला र पारदर्शी रूपमा गर्ने
- आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने
- सूचना प्रवाह गर्ने प्रयोजनको निम्ति सूचना अधिकारी व्यवस्था गर्ने
- सूचना प्रवाह गर्ने प्रयोजनको निम्ति आवश्यकताअनुसार सूचना शाखाको व्यवस्था गरी विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट सूचना प्रवाह गर्ने
- आफू समक्ष रहेको व्यक्तिगत प्रकृतिका सूचनाहरू अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गर्ने
- कुनै व्यक्तिले सार्वजनिक निकायमा बहाल रहँदा सार्वजनिक पदसँग सम्बन्धित विषयको सूचना माग गरेमा माग भए बमोजिम सूचना उपलब्ध गराउने
- कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेको आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउने